# चन्द्रनगर गाउँपालिका

# स्थानीय राजपत्र

**(खण्ड : ९) चन्द्रनगर श्रावण २० गते, २०८२ साल (संख्या : ५)**

## भाग : २

## चन्द्रनगर गाउँपालिका

चन्द्रनगर गाउँपालिकाबाट गरिने कार्यलाई व्यवस्थित गर्न नेपालको संविधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरी चन्द्रनगर.गाउँकार्यपालिकाले मिति २०८२/०४/२० को निर्णयानुसार देहायका कार्यविधि स्वीकृत गरि सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

**२०८२ सालको कार्यविधि नं. ५**

# आधारभूत अस्पताल पर्तिबजारमा विशेषज्ञ सेवा संचालन कार्यविधि, २०८२

स्विकृत मिति: २०८२/०४/२०

१. प्रस्तावना

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने हक सुनिश्चित गरेको छ। संविधानको धारा ३५ अनुसार प्रत्येक नागरिकलाई स्वास्थ्य सेवा लिन पाउने हक छ, र त्यस्ता सेवाहरू सुलभ, गुणस्तरीय तथा पहुँचयोग्य हुनु अनिवार्य छ। गाँउपालिका क्षेत्रमा विशेषज्ञ स्वास्थ्य सेवा नपुगेका कारण धेरै नागरिक उपचारको अभावमा परिरहेका छन् वा शहर जानुपर्ने बाध्यता छ। यस समस्यालाई सम्बोधन गर्न पर्तिबजारमा अवस्थित आधारभूत अस्पतालमा मासिक रूपमा विभिन्न विशेषज्ञ सेवा सञ्चालन गरी नागरिकलाई गुणस्तरीय सेवा पालिका भित्रै / घरमै उपलब्ध गराउने उद्देश्यले यो कार्यविधि तयार गरिएको हो। यो कार्यविधि कार्यपालिकाले स्विकृत गरे पछि तुरुन्त लागु हुनेछ।

## २. परिभाषा

- आधारभूत अस्पताल: आधारभूत अस्पताल भन्नाले गाँउपालिका अन्तर्गत सञ्चालनमा हुने आधारभुत अस्पताल चन्द्रनगर २, पर्तिबजारलाई जनाउने छ।
- विशेषज्ञ सेवा: विशेषज्ञ सेवा भन्नाले स्थायी रूपमा कार्यरत नभई आवश्यकता अनुसार सेवा दिनका लागि आमन्त्रित नेपाल मेडिकल काउन्सिलबाट प्रमाणित डिग्री (MD, MS) वा सो सरहका चिकित्सक द्वारा प्रदान गरिने विशिष्ट सेवा लाई जनाउने छ।
- सेवाग्राही : सेवाग्राही भन्नाले चन्द्रनगर गाँउपालिका र अन्य पालिका बाट सेवा लिन आउने सम्पूर्ण सेवाग्राही लाई जनाउने छ।

## ३. उद्देश्य

- ❖ स्थानीय तहमा नागरिकलाई विशेषज्ञ सेवा उपलब्ध गराउने।
- ❖ उपचारको लागि अन्यत्र जानुपर्ने बाध्यता घटाउने।
- ❖ आधारभूत अस्पताललाई सेवा विस्तार गर्ने माध्यम बनाउने।
- ❖ स्वास्थ्य सूचक सुधार गर्ने।

## ४. विशेषज्ञ सेवा अन्तर्गत समेटिने प्रमुख सेवा क्षेत्रहरू

- ❖ स्त्री तथा प्रसूति रोग (Gynecology & Obstetrics)
- ❖ बालरोग (Pediatrics)
- ❖ नाक-कान-घाँटी (ENT)
- ❖ हाडजोर्नी (Orthopedics)
- ❖ छाला तथा यौन रोग (Dermatology & Venereology)
- ❖ मानसिक स्वास्थ्य (Psychiatry)
- ❖ आँखा रोग (Ophthalmology)
- ❖ दन्त रोग (Dentistry)
- ❖ मुटु रोग (Cardiology)
- ❖ मधुमेह तथा थाइराइड जस्ता रोग (Endocrinology)
- ❖ जेनेरल फिजिसियन
- ❖ रेडियोलोजी

(आवश्यकता अनुसार थप सेवा पनि थप गर्न सकिनेछ।)

## ५. विशेषज्ञलाई तिर्ने पारिश्रमिकको व्यवस्था

सेवा दिने विशेषज्ञलाई सेवाको प्रकार, घण्टा वा विरामीको संख्याका आधारमा पारिश्रमिक प्रदान गरिनेछ।

- ❖ विरामीको संख्या लाई आधारमानी ३० वटा सम्म विरामी हेर्ने विशेषज्ञलाई ४००० र सो भन्दा माथी हेर्ने विशेषज्ञलाई ५००० पारिश्रमिक प्रदान गरिने छ ।
- ❖ आवश्यकता अनुसार यातायात खर्च वा खाजा र खानाको व्यवस्था गर्न सकिने छ ।
- ❖ सेवा पश्चात विशेषज्ञले सेवा प्रतिवेदन पेश गरेपछि पारिश्रमिक भुक्तानी हुनेछ ।
- ❖ तर सेवा वाहेक अन्य जाच तथा सेवामा पालिकाले निर्धारण गरेको शुल्क सेवाग्राहीले बुझाउनु पर्ने छ ।

## ६. प्रचार-प्रसार व्यवस्था

- ❖ सेवा दिने मितिको कम्तिमा ३ दिन अघि सूचना प्रकाशन गरिनेछ ।
- ❖ प्रचार माध्यम:
  - स्थानीय एफ.एम. तथा माईकिङ
  - स्वास्थ्य स्वयंसेविका मार्फत घरघरमा सूचना
  - वडा कार्यालय र अन्य सार्वजनिक ठाउँहरूमा पोस्टर/ब्यानर
  - गाँउपालिकाको फेसबुक पेज वा SMS सूचना सेवा

## ७. कार्यान्वयन र समन्वय

- सेवा समन्वयको प्रमुख जिम्मा अस्पताल प्रमुख वा गाँउपालिकाको स्वास्थ्य शाखाले लिनेछ।
- मासिक रुपमा सेवाको प्रतिवेदन संकलन गरिनेछ।
- सेवाबाट संकलित तथ्यांक नीति निर्माणमा उपयोग गरिनेछ।

## ८. संशोधन र खारेजी

८.१ संशोधन: यो कार्यविधिमा समयअनुसार आवश्यकता देखिएमा गाँउ कार्यपालिकाको निर्णय मार्फत संशोधन गर्न सकिनेछ।

८.२ खारेजी: यदि यो कार्यविधिको प्रयोजन पुरा नभएको वा अन्य प्रभावकारी कार्यविधि लागू गरिएको खण्डमा, यो कार्यविधिलाई कार्यपालिकाको निर्णयबाट खारेज गर्न सकिनेछ।

अज्ञाले
ई. राजेश कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत
चन्द्रनगर गाउँपालिका